# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, जेठ २९ गते २०५२ साल (संख्या ९

## भाग ३

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना १

### सिंहदरबार वैद्यखाना विकास समिति (गठन) आदेश, २०५१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "सिंहदरबार वैद्यखाना विकास समिति (गठन) आदेश, २०५१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "वैद्यखाना" भन्नाले सिंहदरबार वैद्यखाना सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठित सिंहदरबार वैद्यखाना विकास समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले यस समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "प्रबन्ध निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त प्रबन्ध निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. समितिको गठनः (१) सिंहदरबार वैद्यखाना विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहने छन्:–

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति –अध्यक्ष
(ख) निर्देशक, आयुर्वेद विभाग –सदस्य
(ग) अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् –सदस्य
(घ) सुपरिटेण्डेन्ट, आयुर्वेद चिकित्सालय, नरदेवी –सदस्य
(ङ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग –सदस्य
(च) प्रतिनिधि, अर्थ मन्त्रालय –सदस्य
(छ) प्रतिनिधि, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी –सदस्य
(ज) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय –सदस्य
(झ) श्री ५ को सरकारद्वारा मनोनीत आयुर्वेद चिकित्सकहरूमध्ये दुई जना –सदस्य
(ञ) प्रबन्ध निर्देशक –सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) तथा खण्ड (झ) बमोजिम मनोनीत अध्यक्ष तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) वैद्यखानाको औषधि निर्माण क्षमतामा अभिवृद्धि गरी वैद्यखानालाई आत्म निर्भर बनाइ एक स्वावलम्बी औषधि निर्माता-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को रुपमा विकास गर्नु तथा स्वदेश र विदेशमा आयुर्वेदिक औषधिहरूको बिक्री वितरण गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्यपालनका लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) वैद्यखानाको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ख) वैद्यखानाको निर्माण, विस्तार र मर्मत गर्ने ।

(ग) वैद्यखानाको औषधि उत्पादन, बिक्री वितरण तथा गुणस्तर नियन्त्रणको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

(घ) वैद्यखानाबाट निर्मित औषधिहरूको थोक तथा खुद्रा मूल्य निर्धारण गर्ने ।

(ङ) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा वैद्यखानाबाट निर्मित औषधिहरूको थोक बिक्रेता, एजेण्ट वा प्रतिनिधि आदि नियुक्त गर्ने ।

(च) वैद्यखाना सञ्चालनको लागि आवश्यक पर्ने जनशक्तिको विकास गर्ने ।

(छ) आयुर्वेदिक औषधिको क्षेत्रमा देशमा आत्मनिर्भर बनाउने उद्देश्यले सुरक्षित, प्रभावकारी तथा गुणस्तरयुक्त औषधिहरू उत्पादन गर्ने।

(ज) देशमा उपलब्ध तथा अन्य औषधि द्रव्यहरूको वैज्ञानिक अनुसन्धनात्मक परीक्षण गरेर स्तरीय औषधि उत्पादन गर्ने ।

(झ) देशमा उपलब्ध एवं विलुप्त हुन लागेको जडीबुटीहरूलाई उचित संरक्षण एवं सम्बर्द्धन गरी नमूना जडिबुटी उद्यानको विकास गर्ने ।

(ञ) जडीबुटीहरूको खेती तथा संरक्षण जस्ता कार्यमा सर्वसाधारणलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ट) वैद्यखानाको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ठ) उपरोक्त कामहरूको कार्यान्वियनका लागि आवश्यक अन्य कार्यहरू गर्ने ।

५. समितिको वैठक र निर्णयः (१) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र वैठक बस्ने सूचना कम्तिमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(२) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको कुल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. प्रबन्ध निर्देशकको नियुक्तिः (१) आयुर्वेदिक चिकित्सा क्षेत्रमा अनुभव प्राप्त कुनै व्यक्तिलाई श्री ५ को सरकारले वैद्यखानाको प्रबन्ध निर्देशकमा नियुक्त गर्नेछ ।

(२) प्रबन्ध निर्देशकको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ र निजको पुर्ननियुक्ति हुन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकारले आवश्यक देखेमा प्रबन्ध निर्देशकलाई निजको पदावधि सकिनु अगावै सो पदबाट हटाउन सक्नेछ ।

(४) प्रबन्ध निर्देशकको पारिश्रमिक तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ ।

७. समितिका कर्मचारीः (१) समितिले आवश्यकता अनुसार कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

(२) समितिले श्री ५ को सरकारको स्वीकृति लिई श्री ५ को सरकारको कुनै कर्मचारीलाई समितिको काममा लगाउने गरी काजमा ल्याउन सक्नेछ ।

(३) श्री ५ को सरकारले समितिको सहमति लिई श्री ५ को सरकारको सेवामा कार्यरत कर्मचारीलाई समितिमा सरुवा गर्न वा काजमा खटाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम समितिमा नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुने छन् ।

(५) उपदफा (२) बमोजिम समितिमा कार्यरत कर्मचारीहरूको पारिश्रमिक तथा सुविधा समितिले तोके बमोजिम हुनेछ ।

८. समितिको कोषः (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहने छन् :

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) कुनै विदेशी वा अन्तर्राष्ट्रिय संघ, संस्था, एजेन्सी वा विदेशी सरकारबाट प्राप्त रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) वैद्यखानाले आर्जन गरेको रकम।

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त रकम जुन कार्यक्रम वा कार्यको निमित्त प्राप्त भएको छ सो रकम सोही कार्यक्रम वा कार्यको निमित्त खर्च गर्नु पर्नेछ ।

(४) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) समितिको खाताको संचालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. समितिको लेखा र लेखा परीक्षणः (१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र समितिको अरू सबै नगदी जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

१०. उप-समिति गठन गर्न सक्नेः (१) समितिले यो आदेश वा यो आदेश अन्तरगत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने काम गर्न वा सो काममा सहयोग पुऱ्याउनको निमित्त आवश्यकता अनुसार उप-समितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उप-समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. वैद्यखानाको सम्पत्ति तथा कागजातः यो आदेश प्रारम्भ हुँदाको बखतसम्म सिंहदरबार वैद्यखानाको नाममा रहेको वा वैद्यखानाको जिम्मामा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति, अभिलेख र कागजात समितिमा हस्तान्तरित हुनेछ ।

१२. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आवश्यकता अनुसार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यहरूको उप-समितिमा वा समितिको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. नियम बनाउन सक्नेः समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियम बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियम लागू हुनेछ ।

१४. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

१५. निर्देशन दिनेः श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## सूचना २

श्री ५ को सरकारले औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७ को नियम ५ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी औषधि सल्लाहकार समितिको सदस्यमा नेपाल औषधि उत्पादक संघको सभापति वा निजले तोकेको उक्त संघको सदस्य थप गरेको छ ।

आज्ञाले,
जीतबहादुर कार्की
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

### चन्द्रडाँगी बीउ बिजन तथा दुग्ध विकास समिति (गठन) आदेश, २०५२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यस आदेशको नाम "चन्द्रडाँगी बीउ बिजन तथा दुग्ध विकास समिति (गठन) आदेश, २०५२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
132

२. परिभाषा :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा:–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित चन्द्रडाँगी बीउ बिजन तथा दुग्ध विकास समिति सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउनेछ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. समितिको गठन : (१) चन्द्रडाँगी बीउ बिजन तथा दुग्ध विकास समिति नामको समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

| | |
|---|---|
| (क) श्री ५ को सरकारले तोकेको व्यक्ति | – अध्यक्ष |
| (ख) झापा जिल्लाको सम्बन्धित क्षेत्रका सांसद | – सदस्य |
| (ग) सभापति, झापा जिल्ला विकास समिति | – सदस्य |
| (घ) अध्यक्ष, शिवगन्ज गाउँ विकास समिति | – सदस्य |
| (ङ) स्थानीय कृषकहरू मध्ये श्री ५ को सरकारबाट मनोनीत दुई जना | – सदस्य |
| (च) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, झापा | – सदस्य |
| (छ) प्रमुख कृषि विकास अधिकृत, जिल्ला कृषि विकास कार्यालय, झापा | – सदस्य |
| (ज) प्रमुख, कृषि सामग्री संस्थान, विर्तामोड, झापा | – सदस्य |
| (झ) प्रतिनिधि, कृषि मन्त्रालय | – सदस्य |
| (ञ) कार्यकारी निर्देशक | – सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (क) र (ङ) बमोजिमका अध्यक्ष र सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः तोकिन वा मनोनीत हुन सक्नेछन् ।

(४) अध्यक्षको पारिश्रमिक, सेवाको शर्त र सुबिधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२३

(५) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) विभिन्न जातका बीउ बिजन तथा उन्नत जातका पशुहरू कृषकहरूलाई उपलब्ध गराउने र कृषकहरूबाट उत्पादित दूध संकलन गरी कृषकहरूको आयस्तर वृद्धि गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनको निमित्त समितिले देहायका कार्यहरू गर्न सक्नेछः–

(क) खाद्यान्न बाली सम्बन्धी बीउ बिजन उत्पादन गर्ने,

(ख) उन्नत जातका गाई तथा भैंसीका बाछा र पाडी उत्पादन गर्ने,

(ग) माछाका भुरा उत्पादन गर्ने,

(घ) फलफूल तथा रूखका बोट बिरूवा उत्पादन गर्ने,

(ङ) कृषकबाट उत्पादित दूध संकलन गरी दूध प्रशोधन कारखानालाई उपलब्ध गराउने,

(च) स्थानीय गाई, भैंसीको नश्ल सुधार गर्ने, गराउने,

(छ) बीउ बिजन तथा दुग्ध विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,

(ज) समितिको लागि आवश्यक पर्ने कर्मचारीको नियुक्ति गर्ने,

(झ) यस आदेशको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णयः– (१) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिले आवश्यकता अनुसार कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२८

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकको नियुक्तिः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले एकजना कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः– कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आफू मातहतका कर्मचारीहरूको रेखदेख र नियन्त्रण गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) यस आदेशको उद्देश्य प्राप्तिका लागि आवश्यक योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(घ) समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

८. समितिका कर्मचारीः– (१) समितिको कार्य संचालनका लागि आवश्यक कर्मचारीहरू रहनेछन् ।

(२) समितिका कर्मचारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

९. समितिको कोषः (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् ।

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) समितिबाट उत्पादित वस्तुहरूको बिक्री वितरणबाट प्राप्त हुने रकम,

(घ) कृषकहरूलाई सेवा उपलब्ध गराए वापत प्राप्त हुने समितिले तोके बमोजिमको सेवा शुल्कबाट प्राप्त रकम,

(ङ) विभिन्न व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै रकम प्राप्त गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) समितिलाई श्री ५ को सरकार, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।

(४) समितिलाई प्राप्त हुने सबै रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको नामबाट गरिने सबै खर्च समितिको कोषबाट व्यहोरिने छ ।
(६) समितिको कोषको संचालन समितिले तोके बमोजिम हुनेछ ।

१०. लेखा र लेखापरीक्षणः– (१) समितिको आय–व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट तोकिएको व्यक्तिबाट प्रचलित कानून बमोजिम गराइनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

११. बैठक भत्ताः– सदस्यले समितिको बैठक बसेको दिनको निमित्त श्री ५ को सरकारले तोके बमोजिमको बैठक भत्ता पाउनेछ ।

१२. उप समिति गठन गर्न सक्ने :– समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन उप समिति गठन गर्न सक्नेछ र त्यस्तो उप समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. समितिको कार्यालय :– समितिको कार्यालय झापा जिल्लाको शिवगन्ज गाउँ विकास समिति, चन्द्रडाँगीमा रहनेछ ।

१४. अधिकार प्रत्यायोजन :– समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार कुनै सदस्य, उप-समिति, कार्यकारी निर्देशक वा समितिको कुनै अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. प्रतिवेदन पेश गर्नु पर्ने :– समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१६. श्री ५ को सरकारले निर्देशन दिन सक्ने :– श्री ५ को सरकारले समितिलाई समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. श्री ५ को सरकारसँग सम्पर्क :– समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा कृषि मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१८. नियम बनाउने अधिकार :– यस आदेशको उद्देश्य पूर्तिको लागि समितिले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

आज्ञाले,
दानबहादुर शाही
श्री ५ को सरकारको का मु सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३६

# भाग ४

## श्री ५ को सरकार
## उद्योग मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले मिति २०५१।१०।२३ को निर्णयानुसार नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूहका राजपत्रांकित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ।

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्रीमती सुमीत्रा बैद्य | वैज्ञानिक अधिकृत, वनस्पति विभाग, प्राकृतिक सम्पदा विकास महाशाखा। | वैज्ञानिक अधिकृत, स्वास्थ्य मन्त्रालय, शाही औषधि अनुसन्धानशाला। |
| २. | श्रीमती गीता राणा | वैज्ञानिक अधिकृत, स्वास्थ्य मन्त्रालय, शाही औषधी अनुसन्धानशाला। | वैज्ञानिक अधिकृत, वनस्पति विभाग, प्राकृतिक सम्पदा विकास महाशाखा। |

## सूचना २

श्री ५ को सरकारले मिति २०५१।१२।८ को निर्णयानुसार नेपाल इन्जिनियरिङ सेवा, मेट्रोलोजी समूह अन्तर्गत राजपत्रांकित तृतीय श्रेणीको निरीक्षक पदबाट श्री रमेशकाजी ताम्राकारले दिनु भएको राजीनामा मिति २०५१।१०।२७ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

## सूचना ३

श्री ५ को सरकारले मिति २०५१।१२।१३ को निर्णयानुसार नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूहका राजपत्रांकित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
126

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री गजेन्द्रकुमार पौडेल | सहायक खाद्य अनुसन्धान अधिकृत, केन्द्रीय खाद्य प्रयोग शाला। | केमिष्ट, नेपाल गुणस्तर तथा नापतौल विभाग। |
| २. | श्री यतीन्द्रनाथ शुक्ल | सहायक वैज्ञानिक अधिकृत, वनस्पति विभाग, प्राकृतिक सम्पदा विकास महाशाखा। | केमिष्ट, नेपाल गुणस्तर तथा नापतौल विभाग, क्षेत्रीय कार्यालय, बुटवल। |

आज्ञाले,
डा. भोलानाथ चालिसे
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२८